14 March 2025

आकाशवाणी

## मुख्य समाचार

- रंगको पर्व होली देशभरि परम्परागत उत्साह र उल्लासका साथ पालन गरिँदै
- रूसका राष्ट्रपति श्री भ्लादिमीर पुटिनले रूस-यूक्रेन युद्ध समाप्त गर्ने प्रयासहरूका लागि प्रधानमन्त्री श्री मोदी अनि राष्ट्रपति श्री ट्रम्पलाई दिनुभयो धन्यवाद
- नेपाली साहित्यका वरिष्ठ साहित्यकार श्री लीलबहादुर छेत्रीको निधन
- केन्द्रिय मन्त्री श्री जितेन्द्र सिंहले पूर्वोत्तर क्षेत्रलाई केसर खेतीको महत्त्वपूर्ण केन्द्र बन्ने बताउनु भयो
  केन्द्रीय गृहमन्त्री श्री अमित शाह आजदेखि असमको तीन दिने भ्रमणमा
- महिला प्रिमियर लिग क्रिकेटको फाइनलमा भोलि दिल्ली क्यापिटल्स र मुम्बई इन्डियन्सको भिडन्त हुने
- विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्स २०२५ मा भारतीय खेलाडीहरूको उत्कृष्ट प्रदर्शन

## होली पर्व

रंगको पर्व होली आज देशभरि परम्परागत उत्साह र उल्लासका साथ पालन गरिँदैछ। होली पर्वलाई वसन्त ऋतुको आगमन र असत्यमाथि सत्यको विजयको प्रतीक मानिन्छ। यसले एकता र सद्भावनालाई बढावा दिन्छ। यो पर्व हिजो होलिका दहनबाट सुरु भएको थियो। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड, प्रधानमन्त्री श्री नरेन्द्र मोदी अनि सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले देशवासीलाई होलीको शुभकामना दिनु भएको छ। राष्ट्रपतिले आफ्नो सन्देशमा भन्नुभएको छ, यो पर्वले खुशी र उत्साह लिएर आउँदछ। उपराष्ट्रपति श्री धनखडले होली असत्यमाथि सत्यको विजय र वसन्तको आगमनको प्रतीक भएको बताउनु भएको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आफ्नो सन्देशमा भन्नुभएको छ, खुशी र उत्साहले भरिएको यो पर्वले सबैको जीवनमा नयाँ उत्साह र ऊर्जा ल्याउनेछ।

## रुस-युक्रेन युद्धविराम

रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनले रुस-युक्रेन युद्ध समाप्त गर्नमा ध्यानकेन्द्रित गरेकोमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र अमेरिकी राष्ट्रपति श्री डोनाल्ड ट्रम्प लगायत धेरै विश्व नेताहरूप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। जो बेलारुसका राष्ट्रपति श्री अलेक्ज्याण्डर लुकाशेन्कोसँगको संयुक्त पत्रकार सम्मेलनमा, श्री पुटिनले धेरै विश्वव्यापी चुनौतीहरू भएर पनि युद्धग्रस्त क्षेत्रमा शान्ति ल्याउन प्रधानमन्त्री श्री मोदी अनि ब्राजिल र दक्षिण अफ्रिकाका राष्ट्रपतिहरूसहित धेरै विश्व नेताहरूको प्रयासको प्रशंसा गर्नुभयो। यसअघि, अमेरिकाले ३० दिनको युद्धविरामको प्रस्ताव गरेको थियो र रुसलाई बिना शर्त प्रस्ताव स्वीकार गर्न आग्रह गरेको थियो। यस सप्ताहको सुरुमा साउदी अरेबियामा भएको वार्तामा युक्रेनले युद्धविराम प्रस्तावमा सहमति जनाएको थियो। राष्ट्रपति श्री पुटिनले पनि युद्धविराममा सहमति जनाउँदै केही सूक्ष्म कुराहरूलाई ध्यान दिनुपर्ने बताउनु भयो। यसैबीच, राष्ट्रपति श्री डोनाल्ड ट्रम्पले श्री पुटिनको टिप्पणीलाई आशाजनक बताउनु भएको छ। साथै उहाँले यो मुद्दामा अझै छलफल गर्न आवश्यक रहेको पनि सुझाउ दिनुभएको छ। स्मरण रहोस्, श्री मोदीले बारम्बार युद्धविरामको पैरवी गर्दै आउनु भएको थियो।

## लीलबहादुर छेत्री निधन

प्रसिद्ध नेपाली साहित्यकार श्री लीलबहादुर छेत्रीको 93 वर्षको उमेरमा निधन भएको छ। भारतीय नेपाली साहित्यका नक्षत्र मानिएका श्री छेत्रीको हिजो राति 10 बजी असमको गुवाहाटीमा निधन भयो। बसाइँ अनि ब्रह्मपुत्रको छेउछाउ जस्ता लोक प्रसिद्ध उपन्यासका रचनाकार श्री छेत्री 2020 को पद्मश्री पुरस्कारसहित अनेकौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारले सम्मानित हुनुभएको थियो।

## पूर्वोत्तर - केसर केन्द्र

केन्द्रीय विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री जितेन्द्र सिंहले विकसित भारतको सपना साकार पार्न पूर्वोत्तर क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउनु भएको छ। उहाँले भन्नुभएको छ, पूर्वोत्तर क्षेत्र देशमा केसर खेतीको लागि अर्को महत्त्वपूर्ण केन्द्र बन्नेछ। आज शिलङमा **नर्थ इस्ट सेन्टर फर टेक्नोलोजी एप्लिकेसन एण्ड रिच**को नयाँ स्थायी परिसरको शिलान्यास गर्दै उहाँले सरकारको मिसन केसर पहल अन्तर्गत २०२१ देखि सिक्किम, अरुणाचल प्रदेश र मेघालयमा केसर खेती भइरहेको बताउनु भयो।

श्री सिंहले भन्नुभयो, अरुणाचल प्रदेशको मेनचुखा र सिक्किमको योक्सोममा अहिले ठूलो मात्रामा केसर खेती भइरहेको छ। यसलाई नागाल्याण्ड र मणिपुरमा विस्तार गर्ने योजना छ। यसले पूर्वोत्तर क्षेत्रलाई जम्मू कश्मीरको पाम्पोर पछि भारतको अर्को महत्त्वपूर्ण केसर उत्पादन क्षेत्र बनाउनेछ।

## अमित शाह - असम भ्रमण

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज साँझ असमको तीन दिने भ्रमण सुरु गर्नुभयो। आफ्नो असम बसाइको क्रममा उहाँले धेरै कार्यक्रमहरूमा भाग लिनुहुनेछ। श्री शाह जोरहाट विमानस्थलबाट गोलाघाट जानु हुनेछ र डेरगाउँस्थित लाचित बर्फुकन पुलिस अकादेमीमा रात्री विश्राम गर्नुहुनेछ।

भोलि बिहान श्री शाहले देरगाउँमा मुख्यमन्त्री श्री हिमन्त विश्व शर्मा अनि केन्द्रीय बन्दरगाह, जहाजरानी अनि जलमार्ग मन्त्री श्री सर्बानन्द सोनोवालको उपस्थितिमा अत्याधुनिक **लछित बरफुकन पुलिस अकादमी**को उद्घाटन गर्नुहुनेछ अनि पुलिस अकादमीको आवासीय परियोजनाहरूको आधारशिला राख्नु हुनेछ। त्यसपछि, गृहमन्त्री मिजोरम जानुहुनेछ। त्यहाँ देशको सबैभन्दा पुरानो अर्धसैनिक बल असम राइफल्सको अड्डा आइजोलबाट जोखाभसाङमा स्थानान्तरण गर्ने समारोहमा सहभागी बन्नुहुनेछ। गृहमन्त्रीले 16 मार्चको दिन गुवाहाटीमा तीन नयाँ आपाराधिक कानूनका बारेमा पूर्वोत्तर राज्यका मुख्यमन्त्रीहरूसँग बैठक गर्नु हुनेछ।

## ISRO राजस्व

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरोले उपग्रह प्रक्षेपण मार्फत लगभग १४ करोड ३0 लाख अमेरिकी डलरको विदेशी राजस्व उत्पन्न गरेको छ। अन्तरिक्ष विभागले विगत दश वर्षमा इसरोले कुल ३९३ विदेशी र ३ भारतीय उपग्रह प्रक्षेपण गरेको बताएको छ। यी सबै उपग्रहहरू जनवरी २०१५ र दिसम्बर २०२४ को बीचमा ISRO को PSLV, LVM3 र SSLV प्रक्षेपण यानहरूद्वारा सफलतापूर्वक प्रक्षेपण गरिएका थिए। इसरोले अमेरिका, बृटेन, सिंगापुर र धेरै विकसित देशहरू सहित ३४ देशका उपग्रहहरू प्रक्षेपण गरिसकेको छ।

## महिला प्रिमियर लिग-क्रिकेट

महिला प्रिमियर लिग क्रिकेटको फाइनलमा भोलि मुम्बईमा दिल्ली क्यापिटल्स र मुम्बई इन्डियन्सको भिडन्त हुनेछ। हिजो भएको एलिमिनेटर खेलमा गुजरात जायन्ट्सलाई ४७ रनले हराउँदै मुम्बई इन्डियन्स फाइनलमा प्रवेश गर्न सफल भएको थियो। खेल भोलि बेलुकी साँढे सात बजीदेखि शुरु हुनेछ।

पारा एथलेटिक्स

दिल्लीमा भइरहेको विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्स २०२५ मा भारतीय खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। भारतले अहिलेसम्ममा  ४५ स्वर्ण, ४० रजत र ४९ कांस्यसहित कुल १३४ पदक जितिसकेको छ। अनि पदक तालिकामा शीर्षमा रहेको छ।

मुख्य समाचार फेरि एकपल्ट

- रंगको पर्व होली देशभरि परम्परागत उत्साह र उल्लासका साथ पालन गरिँदै
- रूसका राष्ट्रपति श्री भ्लादिमीर पुटिनले  रूस-यूक्रेन युद्ध समाप्त गर्ने प्रयासहरूका लागि प्रधानमन्त्री श्री मोदी अनि राष्ट्रपति श्री ट्रम्पलाई दिनुभयो धन्यवाद
- नेपाली साहित्यका वरिष्ठ साहित्यकार श्री लीलबहादुर छेत्रीको निधन
- केन्द्रिय मन्त्री श्री जितेन्द्र सिंहले पूर्वोत्तर क्षेत्रलाई केसर खेतीको महत्त्वपूर्ण केन्द्र बन्ने बताउनु भयो
- केन्द्रीय गृहमन्त्री श्री अमित शाह आजदेखि असमको तीन दिने भ्रमणमा
- महिला प्रिमियर लिग क्रिकेटको फाइनलमा भोलि दिल्ली क्यापिटल्स र मुम्बई इन्डियन्सको भिडन्त हुने
- विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्स २०२५ मा भारतीय खेलाडीहरूको उत्कृष्ट प्रदर्शन